कार्यपालिका बैठक संख्या :- १३६
बैठक मिति :- २०८०।०९।०४
अध्यक्षता :- नगर प्रमुख श्री हेमकर्ण पौडेल

निर्णय नं. १

यस इटहरी उपमहानगरपालिकालाई आर्थिक वर्ष २०८३/०८४ भित्र बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने तथा बालमैत्री नगरको सूचकमा रहेको बाल प्रोफाईल नगर कार्यपालिकाको कार्यालयले नै तयार गर्ने सो का लागि सामाजिक विकास कायक्रममा विनियोजित रकम तथा सो शिर्षकमा वडास्तरमा विनियोजित रकमलाई एकिकृत गरी अपुग हुने रकम सहित थप गरी सबै वडाहरुको बालप्रोफाईल तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस इटहरी उपमहानगरपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने भवन / संरचना तथा निर्माण भईसकेका पुराना भवन / संरचनाको सम्बन्धमा भवन अनुमति तथा मापदण्ड कार्यान्वयनका लागि देहाय बमोजिम निर्णय गरियो ।

देहाय

क) भवन/संरचना निर्माणका लागि इजाजत लिई निर्माण कार्य सम्पन्न नहुँदै सो भन्दा माथिको निर्माण कार्यका लागि नक्सा संशोधन गरी नियमानुसार इजाजत माग भई आएमा यस उप महानगरपालिकाको भवन निर्माण सम्वन्धी ( पहिलो संशोधन ) ऐन, २०७५ मा व्यवस्था भए बमोजिम एक पटकका लागि तोकिएको प्रक्रिया पूरा गरी नक्सा संशोधन गर्न सकिने प्रावधान रहेकोमा यसरी भवन/संरचनाको नक्साको एक पटक मात्र संशोधन गर्न सकिने प्रावधानका कारण एक भन्दा बढी पटक नक्सा संशोधन गरेर मात्र निर्माण सम्पन्न गर्नु पर्ने भवन/संरचनाको निर्माण सम्पन्न हुन नसकी सम्वन्धित भवन निर्माणकर्तालाई अन्याय पर्ने देखिएकाले त्यस प्रकारका भवन/संरचनाको हकमा पुनः आवश्यकता अनुसार यस्ता प्रकृतिका भवन/संरचना निर्माणकर्ताले तोकिएको भवन निर्माण सम्वन्धी अन्य मापदण्ड पूरा गरेमा यस उपमहानगरपालिकाको चालु आ.व. २०८०/०८१ को आर्थिक ऐनद्वारा निर्धारित नक्सा संशोधनको दस्तुर लिई आवश्यकता अनुसार नक्सा संशोधन गर्न सकिने निर्णय गरियो ।

ख) भवन /संरचना निर्माण इजाजतका लागि पेश हुन आएका दरखास्तहरू मध्ये कतिपयमा नापीनक्सा/श्रेस्तामा बाटो नदेखिएको भएता पनि उक्त स्थानमा सार्वजनिक जग्गा देखिई फिल्डमा समेत चलन चल्तिको बाटो रहेको अवस्थामा त्यस्ता प्रकृतिका जग्गामा भवन/संरचना निर्माणका लागि इजाजत माग भई आएमा सम्वन्धित वडा कार्यालयले चलन चल्तिको बाटो प्रमाणित गरी दिएको सिफारिसलाई बाटोको रूपमा मान्यता दिने निर्णय गरियो ।

ग) यस उपमहानगरपालिकाको बैठक संख्या १२३, मिति २०७९/०५/३१ निर्णय नं ५ र ६ मा तोकिएको मापदण्ड अनुसार हुने गरी भवन/संरचनाको नक्साको अभिलेखीकरण गर्ने म्याद निर्णय भएका मिति देखि लागू हुने गरी २०८१ साल असार मसान्त सम्म पुनः थप गर्ने निर्णय गरियो ।

घ) भवन/संरचनाको नक्सा पास/अभिलेखीकरणका लागि पेश भएका निवेदन अनुसार साविकमा एक पटक दस्तुर/शुल्क लिई सकेको तर उक्त भवन/संरचनाको नक्सा पास/अभिलेखीकरण भई नसकेको अवस्थामा पुनः सोही कार्यको लागि निवेदन ( फायल )

पेश भई आएको अवस्थामा उक्त कार्यको दस्तुर/शुल्क गणना गर्दा हाल कायम हुने दस्तुर/शुल्कबाट साविकमा तिरी सकेको दस्तुर/शुल्क घटाई नक्सा पास /अभिलेखीकरणको दस्तुर /शुल्क कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस इटहरी उपमहानगरपालिकाको १३ औं नगरसभाद्वारा पारित आर्थिक ऐन, २०८० मा भएका करका दरहरु सम्बन्धमा करका दररेट, सेवा शुल्क, दस्तुरहरुको अध्ययन विश्लेषण गरी समायोजन तथा पुनरावलोकन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नका निम्ति मिति २०८०।०४।२६ गतेको कार्यपालिका बैठकद्वारा गठित कार्यदलले पेश गरेको प्रतिवेदन आजको बैठकले हुवहु स्वीकृत गरियो । साथै प्राप्त प्रतिवेदनमा उल्लेख गरिएको करका दर, सेवा शुल्क लगायतका विषय बस्तुहरुमा आर्थिक ऐन, २०८० संसोधन आवश्यक भएकोले उक्त ऐनको संसोधन विधेयक, २०८० आगामी १४ औं नगरसभामा पेश गर्न सहमति प्रदान गर्ने निर्णय गरियो । साथै उक्त करका दररेट, सेवा शुल्क, दस्तुरहरुको अध्ययन विश्लेषण गरी समायोजन तथा पुनरावलोकन कार्यदललाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस इटहरी उपमहानगरपालिकाको १४ औं नगरसभा यहि मिति २०८० साल पौष ११ गते आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस इटहरी उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत बार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसार इटहरी उपमहानगर क्षेत्रभित्र नगर बस सञ्चालन गर्ने प्रयोजनार्थ नगर बसको रुट निर्धारण, सञ्चालन तथा व्यवस्थापन समेत गर्ने गरी एक महिनाभित्र सम्पुर्ण अध्ययन गरी कार्यविधि सहित प्रतिवेदन पेश गर्ने गरी कार्यपालिका सदस्य श्री दिवस पोखरेलज्यूको संयोजकत्वमा देहाय वमोजिम नगर वस रुट निर्धारण, सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

| | | |
|---|---|---|
| संयोजक | : | श्री दिवस पोखरेल, ६ नं. वडा अध्यक्ष |
| सह-संयोजक | : | श्री जितेन्द्र थापा, ९ नं. वडा अध्यक्ष |
| सदस्य | : | श्री रतन कार्की, १ नं. वडा अध्यक्ष |
| सदस्य | : | श्री भुवनराज पोखरेल, १२ नं. वडा अध्यक्ष |
| सदस्य | : | श्री रमेश प्रसाद चौधरी, १४ नं. वडा अध्यक्ष |
| सदस्य | : | श्री तेजनारायण चौधरी, १६ नं. वडा अध्यक्ष |
| सदस्य | : | श्री प्रभात कुमार आचार्य, १७ नं. वडा अध्यक्ष |
| सदस्य | : | श्री श्रीनारायण चौधरी, १९ नं. वडा अध्यक्ष |
| सदस्य | : | श्री भीमादेवी राई, कार्यपालिका सदस्य |
| सदस्य सचिव | : | श्री गणेश प्रसाद भट्टराई, मेशीनरी तथा औजार शाखा प्रमुख |

**निर्णय नं. ६**

यस इटहरी उपमहानगरपालिकाद्वारा वडा नं. ९ मा सञ्चालन गरिरहेको इटहरी अस्पताललाई पचास शैयाको अस्पताल विस्तार गरी इटहरी उपमहानगरपालिकाले नै सञ्चालन र व्यवस्थापन गर्ने गरी स्तरोन्नती सहित स्वीकृतीका लागि कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस इटहरी उपमहानगरपालिका क्षेत्रभित्र भुमि बर्गीकरण सम्वन्धमा भुमिहिन सुकुम्वासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीको लगत संकलनका सन्दर्भमा देहाय बमोजिम मापदण्ड कायम गर्ने निर्णय गरियो ।

देहायः

शहरी क्षेत्रमा

१. वडा नं. ६ सम्पुर्ण जग्गाहरु ।
२. वडा नं. ४ को बागेश्वरी टोल र गैरीगाँउ टोल बाहेकका सम्पुर्ण जग्गाहरु।
३. महेन्द्र राजमार्गको दाँयाबाँया १५० मि. तर वडा नं.९ को क्षेत्रमा ४००मि. दाँयाबाँया।
४. कोशी राजमार्गको दाँयाबाँया १५० मि. तर वडा नं. ९,१२ र २० को क्षेत्रमा २००मि. दाँयाबाँया।

शहरोन्मुख क्षेत्रमा

१. शहरी क्षेत्रदेखि १५० मि. सम्मको सम्पुर्ण जग्गाहरु ।
२. वडा नं. १९ को सम्पूर्ण भुभाग ।
३. वडा नं. १,५,९,१२,१७ र २० का शहरी क्षेत्र बाहेकका सम्पूर्ण भुभाग ।
४. वडा नं. २,७ , ८ र १६ को शहरी र ग्रामिण क्षेत्र बाहेकका सम्पूर्ण भुभाग ।
५. वडा नं. ३ र १४ को ग्रामिण क्षेत्र बाहेकका सम्पूर्ण भुभाग ।
६. वडा नं.४ को बागेश्वरी टोल र गैरीगाँउ टोल भित्रका सम्पुर्ण जग्गाहरु ।
७. वडा नं. १८ अन्तर्गत कान्छी चोक देखी चतरा जाने मूल सडक देखी ८०० मि. दाँयावाँया र महेन्द्र राजमार्ग देखि ११००मि. दाँयावाँया सम्पुर्ण जग्गा ।
८. वडा न. १३ को नहर देखि उत्तर तर्फ सहरी क्षेत्र देखि ८५०मि. सम्म सम्पुर्ण जग्गा ।

ग्रामिण क्षेत्रमा

१. वडा नं. २ अन्तर्गत शान्ति नगरी वन क्षेत्र सँग सिमाना जोडिएको स्थान बाट २०० मि. क्षेत्र भित्रको सम्पूर्ण जग्गाहरु।
२. वडा नं. ३ अन्तर्गत वडा नं. २ र ३ को सिमाना देखि तालतलैया हुँदै पुरान चोक हुँदै दक्षिण तर्फ वडा नं.३ र ४ को सिमाना सम्मको मुल सडकको १५०मि. दाँयावाँया भन्दा परको पुर्व र उत्तरको सम्पुर्ण जग्गा ।
३. वडा नं. १८ अन्तर्गत कान्छी चोक देखी चतरा जाने मूल सडक देखी ८०० मि. दाँयावाँया र महेन्द्र राजमार्ग देखि ११००मि. दाँयावाँया भन्दा परको पुर्व र उत्तरको सम्पुर्ण जग्गा ।
४. कोशी राजमार्गको दाँयाबाँया ३०० मि. पश्चात वडा नं. १० को बाँकी सम्पुर्ण जग्गा ।
५. वडा नं. ११ र १५ को सम्पुर्ण जग्गा ।
६. नहरदेखि दक्षिणतर्फ कोशी राजमार्गको दाँयाबाँया ३०० मि. पश्चात वडा नं. १३,१४ र १६ को सम्पुर्ण जग्गाहरु।
७. वडा नं. १३ को नहर देखि उत्तर तर्फ सहरी क्षेत्र देखि ८५०मि. भन्दा परको पश्चिमको सम्पुर्ण जग्गा ।
८. नहरदेखि उत्तर तर्फ ५००मि. सम्म वडा नं. ७,८,१४ र १६को सम्पुर्ण जग्गाहरु ।

बिस्तृत रुपमा

| वडा नं. | ग्रामिण | सहरोन्मुख | शहरी |
|---|---|---|---|
| १. | नभएको | बाँकी सम्पूर्ण जग्गाहरु । | कोशी राजमार्गबाट .150 मिदाँयावाँया भित्र पर्ने जग्गाहरु। |
| २. | शान्ति नगरी सामुदायिक वन क्षेत्रसंग सिमाना जोडिएको स्थानबाट २००मिक्षेत्र . | ग्रामिण र सहरी क्षेत्रभित्र पर्ने बाहेकका बाँकी रहेको २ नंवडाका सम्पूर्ण भूभाग। . | कोशी राजमार्गबाट .150 मिदाँयावाँया भित्र पर्ने जग्गाहरु। |

| | | | |
|---|---|---|---|
| | भित्रको सम्पूर्ण जग्गाहरु । | | |
| ३. | सहरोन्मुख तोकिएको बाहेकका उल्लेखित क्षेत्रभित्रका बाँकी सम्पूर्ण जग्गा । | इटहरी उपमहानगरपालिका वडा नं .२ र ३ नं .को सिमाना देखि पूर्व तालतलैया हुदै पुराण चोक हुदै दक्षिण तर्फ वडा नं३ र ४ को सिमाना सम्मको मुल .सडकको दायाबाया १५० मिर उक्त मुल सडकको पश्चिम तर्फको सम्पूर्ण भूभाग। | नभएको |
| ४. | नभएको | बागेश्वरी टोल र गैरीगाउँ टोल विकास अन्तर्गतका सम्पूर्ण जग्गाहरु | बागेश्वरी टोल र गैरीगाउँ टोल विकास बाहेकाका सम्पूर्ण जग्गाहरु |
| ५. | नभएको | वडा नं ५का सम्पूर्ण बाँकी जग्गाहरु | महेन्द्र राजमार्गबाट १५० मिर कोशी .भित्र पर्ने .राजमार्गबाट १५० मि जग्गाहरु |
| ६. | नभएको | नभएको | वडा नं ६ सम्पूर्ण |
| ७. | नहर देखि .५००मिभित्रको सम्पूर्ण जग्गाहरु। | ग्रामिण र सहरी क्षेत्रभित्र पर्ने बाहेकका बाँकी रहेको ७ नंवडाका सम्पूर्ण भूभाग। . | महेन्द्र राजमार्गबाट १५० मिभित्र .पर्ने जग्गाहरु |
| ८. | नहर देखि .५००मिभित्रको सम्पूर्ण जग्गाहरु। | ग्रामिण र सहरी क्षेत्रभित्र पर्ने बाहेकका बाँकी रहेको 8 नंवडाका सम्पूर्ण भूभाग। . | कोशी राजमार्गबाट .150 मिदौंयावाँया भित्र पर्ने जग्गाहरु। |
| ९. | नभएको | सहरी क्षेत्रभित्र पर्ने बाहेकका बाँकी सम्पूर्ण जग्गाहरु | महेन्द्र राजमार्गबाट ४ .00 मिर कोशी राजमार्गबाट .200 मिभित्र पर्ने जग्गाहरु |
| १०. | वडा न१० को सहरोन्मुख र सहरी .तोकिएको बाहेकका उल्लेखित क्षेत्रभित्रका बाँकी सम्पूर्ण जग्गाहरु । | वडा न .१० को सहरी क्षेत्रदेखि 150 मि .भित्र पर्ने जग्गाहरु। | वडा न१० को कोशी राजमार्गबाट ..150 मिदौंयावाँया भित्र पर्ने जग्गाहरु। |
| ११. | वडा नं ११ सम्पूर्ण | नभएको | नभएको |
| १२. | नभएको | सहरी तोकिएको बाहेकका सम्पूर्ण बाँकी जग्गाहरु | कोशी राजमार्ग देखि २००मि .दौयावाँया |
| १३. | सहरोन्मुख र सहरी क्षेत्रभित्र पर्ने बाहेकका बाँकी रहेको १३ नंवडाका .सम्पूर्ण भूभाग। | वडा न१३ को नहर देखि दक्षिण तर्फ सहरी क्षेत्र .देखि 150मिसम्म र नहर देखि उत्तर तर्फ सहरी क्षेत्र देखि .850मिसम्म | कोशी राजमार्ग देखि .150मिदौंयावाँया |
| १४. | नहर देखि दक्षिणका सम्पुर्ण जग्गा र नहर देखि .५००मिदौंयावाँया भित्र पर्ने सम्पुर्ण जग्गाहरु | ग्रामिण तोकिएको बाहेकका सम्पूर्ण बाँकी जग्गाहरु | नभएको |
| १५. | वडा नं १५ सम्पूर्ण | नभएको | नभएको |
| १६. | नहर देखि दक्षिणका सम्पुर्ण जग्गा र नहर देखि .५००मिदौंयावाँया भित्र पर्ने सम्पुर्ण जग्गाहरु | सहरी र ग्रामिण तोकिएको बाहेकका सम्पूर्ण बाँकी जग्गाहरु | महेन्द्र राजमार्ग देखि .150मि दौयावाँया |
| १७. | नभएको | सहरी तोकिएको बाहेकका सम्पूर्ण बाँकी जग्गाहरु | महेन्द्र राजमार्ग देखि १ .50मि दौयावाँया |
| १८. | सहरोन्मुख क्षेत्रभित्र पर्ने बाहेकका बाँकी रहेको १८ नंवडाका सम्पूर्ण भूभाग। . | कान्छी चोक देखी चतरा जाने मूल सडक देखी 800 .मिदौंयावाँया र महेन्द्र राजमार्ग देखि १ .100मि दौयावाँया | नभएको |
| १९. | नभएको | वडा नं १९ सम्पूर्ण | नभएको |
| २०. | नभएको | सहरी तोकिएको बाहेकका सम्पूर्ण बाँकी जग्गाहरु | कोशी राजमार्ग देखि २००मि .दौयावाँया |

- वर्गीकरणमा दुई वा दुई भन्दा बढी क्षेत्रमा पर्न गएमा निम्न प्राथमिकता क्रमबमोजिम एक क्षेत्रमा वर्गीकरण गर्ने।
  १शहरी.
  २शहरोन्मुख.
  ३ग्रामिण.
- भुउपयोग क्षेत्र वर्गीकरणमा जोखिम क्षेत्रमा पर्ने देखिने भए जोखिम क्षेत्रमानै राखे।-
- भुउपयोग- क्षेत्र वर्गीकरणमा वन क्षेत्रमा पर्ने देखिने भए वन क्षेत्रमानै राखे।

## निर्णय नं ८

यस इटहरी उपमहानगरपालिका क्षेत्रभित्र विगतमा विविध प्रयोजनका लागि आफ्नो सम्पत्ति मिति २०८० श्रावण १ भन्दा अगाडी बहालमा लगाएका तर बहाल खाली भएपछि पनि यस उपमहानगरपालिकामा लिखित जानकारी नगराई राजस्वको सफ्टवेयरमा बक्यौता देखिएका त्यस्ता बहाल करको सन्दर्भमा वडा कार्यालयबाट स्थलगत सर्जमिन गर्दा त्यस्तो सम्पत्ति तत्काल बहालमा लगाई आम्दानी गरेको रहेनछ भने वडा कार्यालयबाट प्राप्त प्रमाणित स्थलगन सर्जमिन र सिफारिसका आधारमा मिति २०८१ असार मसान्तसम्म एक पटकको लागि राजस्व प्रशासन शाखाबाट जरिवाना बाहेक बक्यौता मितिदेखि ६ महिनाको बहाल कर असुल गरी बहाल नरहेको मानि सफ्टवयरमा समेत सोही बमोजिमको अध्यावधिक गर्ने निर्णय गरियो । साथै आर्थिक वर्ष २०७९।०८० सम्मको बहाल कर संघीय सरकार अन्तर्गतको आन्तरिक राजस्व कार्यालयमा बुझाएका करदातालाई सोही अवधिको बहाल कर पुनः असुल गर्दा एउटै करको दोहोरो भार पर्ने देखिएकाले त्यस्ता करदाताले मिति २०८०।०४।०१ गतेबाट स्थानीय तहमै बहाल कर बुझाउने कबुलियत सहितको निवेदन आर्थिक वर्ष २०८०।०८१ भित्र पेश गरेमा एक पटकको लागि आर्थिक वर्ष २०७९।०८० सम्म आन्तरिक राजस्व कार्यालयमा बहाल कर बुझाएका करदाताको बहाल कर रकम चुक्ता भएको मानी त्यस पछाडीको बहाल कर अनिवार्य रुपमा इटहरी उपमहानगरपालिकाबाट असुल गर्ने निर्णय गरियो ।

## निर्णय नं ९

यस इटहरी उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा पारित देहाय बमोजिमका वडास्तरीय योजनाहरुको नाम र स्थान देहाय बमोजिम संसोधन गर्ने तथा अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | स्वीकृत योजना | योजनाको प्रकार | विनियोजित वजेट | वडा नं. | संसोधन | विनियोजित बजेट | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| १. | सयपत्रि टोल लालीगुरांश मार्ग ढलान | वडा स्तरिय | २००००० | ८ | सयपत्री टोल लालीगुरांश मार्ग प्रोटेक्सनवाल निर्माण | २००००० | ८ |
| २. | पैनी सरसफाई | वडा स्तरिय | २००००० | ८ | जनप्रतिनिधि अवलोकन भ्रमण | २००००० | ८ |
| ३. | अध्ययन अवलोकन भ्रमण वडाका जनप्रतिनिधी, कर्मचारी, आधारभूत स्वास्थ्य केन्द्रका कर्मचारीहरु,महिला स्वास्थ्य स्वयमसेविका र टोल विकास संस्थाका अध्यक्षहरु | वडा स्तरिय | २००००० | २० | अध्ययन अवलोकन भ्रमण वडाका जनप्रतिनिधी,कर्मचारी, आधारभूत स्वास्थ्य केन्द्रका कर्मचारीहरु | २००००० | २० |
| ४. | गिता चौधरीको घर अगाडि सानो नहर पश्चिम जाने बाटो ड्रेन तथा ग्राभेल निर्माण | वडा स्तरिय | १५०००० | १२ | गिता चौधरीको घर अगाडि सानो नहर पश्चिम जाने बाटो प्रोटेक्सनवाल तथा ग्राभेल निर्माण | १५०००० | १२ |
| ५. | उषा भण्डारीको घर हुंदै सोम घिमिरेको घर हुँदै जाने बाटो ड्रेन निर्माण | वडा स्तरिय | १५०००० | १२ | उषा भण्डारीको घर अगाडि हुंदै सोम घिमिरेको घर हुंदै जाने बाटो प्रोटेक्सनवाल तथा ग्राभेल निर्माण | १५०००० | १२ |
| ६. | रहमुल मियाको घर दक्षिण ललित | वडा स्तरिय | २००००० | १२ | रहमुल मियाको घर देखि दक्षिण | २००००० | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चौधरीको घर जाने बाटो ड्रेन तथा ग्राभेल | | | | ललित चौधरीको घर जाने बाटो प्रोटेक्सनवाल तथा ग्राभेल | | |
| ७. | दशनी सरदारको घरबाट भरत शाहको मिल आउने बाटो ड्रेन तथा अधुरो ब्लक निर्माण | वडा स्तरिय | २००००० | १२ | दशनी सरदारको घरवाट भरत शाहको मिल आउने बाटो प्रोटेक्सनवाल तथा अधुरो ब्लक निर्माण | २००००० | १२ |
| ८. | कटुवाल गृल पछाडि देखि प्रज्जवल पोखेलको घर जाने पैनी ड्रेन निर्माण क्रमागत | वडा स्तरिय | ६००००० | १२ | कटुवाल गृल पछाडिदेखि प्रज्जवल पोखेलको घर जाने पैनी प्रोटेक्सनवाल निर्माण क्रमागत | ६००००० | १२ |
| ९. | लोहासुर मन्दिर जाने बाटो ड्रेन तथा ग्रभेल निर्माण | वडा स्तरिय | २००००० | १२ | लोहासुर मन्दिर जाने बाटो प्रोटेक्सनवाल तथा ग्रभेल निर्माण | २००००० | १२ |
| १०. | गणेश मन्दिर मर्मत सम्भार घेरावेरा र खानेपानी | वडा स्तरिय | १५०००० | १२ | गणेश मन्दिर मर्मत सम्भार घेरावेरा र खानेपानी तथा टायल बिच्छ्याउने | १५०००० | १२ |
| ११. | आवादीमा रेग्मीको घर अगाडि कल्भर्ट निर्माण | वडा स्तरिय | ४००००० | १५ | केशवको घरदेखि जोगलालको घरसम्म प्रोटेक्सनवाल (आवादी) | वजेट थप ४००००० | १५ |
| १२. | मदर्शामा माटो पुर्ने तथा आगन ढलान योजना | वडा स्तरिय | ५०००० | १४ | मदर्शामा माटो पुर्ने आगन ढलान र रंगरोगन योजना शान्ती टोल गैसार | १००००० | १४ |
| १३. | मस्जिद मर्मत र रंगरोगन योजना शान्ती टोल गैसार | वडा स्तरिय | ५०००० | १४ | | | |
| १४. | अन्य कार्यक्रम खर्च | वडा स्तरिय | ६००००० | १४ | अन्य कार्यक्रम खर्च | ४००००० | १४ |
| | | | | | पुर्व लोहनी गेट निर्माण | २००००० | १४ |
| १५. | पुष्पलालको घर अगाडि प्रोटेक्सनवाल निर्माण पश्चिम लोहनी | वडा स्तरिय | १५०००० | १४ | अधुरो सामुदायिक भवन निर्माण पश्चिम लोहनी | १५०००० | १४ |
| १६. | अर्जुनको घर अगाडि माटो पुर्ने योजना प्रगती चोक नरभाषा | वडा स्तरिय | १५०००० | १४ | वडा कार्यालय अगाडि माटो पुर्ने कार्य नरभाषा | १५०००० | १४ |
| १७. | सम्जानको घरदेखि प्रस्टोकिया घरसम्म प्रोटेक्सनवाल निर्माण | वडा स्तरिय | १००००० | १४ | जहादीको घरदेखि उसमानको घरसम्म प्रोटेक्सनवाल निर्माण | १००००० | १४ |
| १८. | ज्ञानोदय आधारभुत विद्यालयको लागी दिवा खाजा व्यवस्थापन | वडा स्तरिय | १००००० | १० | ज्ञानोदय आधारभुत विद्यालय मर्मत तथा संभार | १००००० | १० |
| १९. | मनमोहन आधारभुत विद्यालयको लागी दिवा खाजा व्यवस्थापन | वडा स्तरिय | १००००० | १० | मनमोहन आधारभुत विद्यालय मर्मत तथा संम्भार | १००००० | १० |
| २०. | मटुकलाल चौधरीको घर छेउमा ड्रेन तथा ग्राभेल | वडा स्तरिय | ३००००० | १० | राजश्व मार्ग देखि संगम मार्ग प्रोटेक्सनवाल तथा ग्राभेल | १५०००० | १० |
| २१. | शम्भु चौधरीको घर जाने वाटो प्रोटेक्सनवाल तथा ग्राभेल | वडा स्तरिय | ५५०००० | १० | शेखर थापाको घर छेउ ड्रेन तथा ग्राभेल | ५००००० | १० |
| २२. | विमल ढकालको घर छेउको वाटो प्रोटेक्सनवाल तथा ग्राभेल | वडा स्तरिय | ३००००० | १० | विमल ढकालको घर छेउको वाटो प्रोटेक्सनवाल तथा ग्राभेल | ५००००० | १० |
| २३. | पदम न्यौपानेको घर अगाडिको पैनीमा पुल निर्माण | वडा स्तरिय | २००००० | १० | पदम न्यौपानेको घर अगाडिको पैनीमा पुल तथा बाटो मर्मत | २००००० | १० |
| २४. | रिलायन्स पछाडी ड्रेन तथा ग्राभेल | वडा स्तरिय | ४००००० | १० | रिलायन्स पछाडी ड्रेन तथा ग्राभेल | १५०००० | १० |
| | | | | | बेलगछियमा ड्रेन निर्माण | २५०००० | १० |
| २५. | पप्पु खेतानको घरको छेउको बाटो कालोपत्रे | वडा स्तरिय | १०००००० | ६ | पप्पु खेतानको घरको छेउको बाटो आर सि सि ढलान | १०००००० | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६. | भृकुटी मार्ग टोल विकास संस्थामा ड्रेन निर्माण | वडा स्तरिय | ५००००० | ६ | वडा भित्रका अन्य पूर्वाधार, विकास निर्माण तथा मर्मत संभार | ५००००० | ६ |
| २७. | स्वागत टोल विकास संस्थामा शौचालय निर्माण | वडा स्तरिय | ३००००० | ६ | स्वागत टोलका बाटाहरुमा सिसि क्यामरा जडान | ३००००० | ६ |
| २८. | निर कुमार बानियाको घरदेखि दक्षिण ड्रेन निर्माण तथा मिक्सगिटी भर्ने | वडा स्तरिय | २००००० | १९ | वेनी वहादुर खड्काको घर देखि राजेन्द्र राइको घर सम्म ड्रेन तथा मिक्सगिटी | २००००० | १९ |
| २९. | लोक मणि दाहाल होटल दक्षिण पश्चिम अम्बिका नेपालको घर जाने बाटो ड्रेन निर्माण साथै मिक्सगिटी भर्ने | वडा स्तरिय | २००००० | १९ | लोक मणि दाहाल होटल दक्षिण पश्चिम अम्विका नेपालको घर जाने बाटो ड्रेन तथा प्रोटेक्सनवाल निर्माण र मिक्सगिटी भर्ने | २००००० | १९ |
| ३०. | कोरियन चोकदेखि पश्चिम जाने कल्भर्टसम्म ब्लक लगाउने | वडा स्तरिय | ४००००० | १९ | कोरियन चोकदेखि पश्चिम जाने कल्भर्टसम्म कालोपत्रे | ४००००० | १९ |
| ३१. | दुर्गा मन्दिर उत्तर चन्द्र सवेदीको घर जाने बाटो उच्चस्तरिय ग्राभेल | वडा स्तरिय | १२५००० | १३ | दुर्गा मन्दिर उत्तर चन्द्र सवेदीको घर जाने बाटो ग्राभेल | १२५००० | १३ |
| ३२. | भरत न्यौपानेको घर दक्षिण माधव पौडेलको घर सम्म उच्चस्तरिय ग्राभेल | वडा स्तरिय | १५०००० | १३ | भरत न्यौपानेको घर दक्षिण माधव पौडेलको घर सम्म ग्राभेल | १५०००० | १३ |
| ३३. | पाथिभारा मार्ग ब्लक | वडा स्तरिय | ६००००० | ७ | लक्ष्मी मा.वि. भवन निर्माण | ७००००० | ७ |
| ३४. | साकेला थान निर्माण क्रमागत | वडा स्तरिय | ५००००० | ७ | जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमण | २००००० | ७ |
| | | | | ७ | पोल वत्ति खरिद तथा जडान | १००००० | ७ |
| | | | | | थप खेलकुद सामाग्री खरिद | १००००० | |
| ३५. | कुमार कटुवालको घर जाने बाटो उच्चस्तरिय ग्राभेल | वडास्तरिय | १५०००० | १३ | कुमार कटुवालको घर जाने बाटो ग्राभेल | १५०००० | १३ |
| ३६. | सिताराम श्रेष्ठको घरदेखि राधा मगरको घर सम्म ड्रेन तथा ग्राभेल | वडास्तरिय | १५०००० | १३ | सिताराम श्रेष्ठको घरदेखि राधा मगरको घरसम्म ग्राभेल | १५०००० | १३ |
| ३७. | ढोका पुलदेखि पश्चिम पक्की पुल सम्म उच्चस्तरिय ग्राभेल | वडास्तरिय | ३००००० | १३ | ढोका पुलदेखि पश्चिम पक्की पुल सम्म ग्राभेल | ३००००० | १३ |
| ३८. | शनि मन्दिर पुर्व भट्टराइको घर उत्तरवाट नाला बनाउने कार्य | वडास्तरिय | १५०००० | २ | सगरमाथा मार्गको बौका खोला पुल पूर्व ५ वटा साना कल्भर्ट निर्माण तथा ग्राभेल (१ वटा सेरा खोला परी) | वजेट थप १५०००० | २ |
| ३९. | अन्नपूर्ण मार्ग प्रोटेक्सनवाल तथा ग्राभेल | वडास्तरिय | २००००० | २ | तारा मगरको घर जाने बाटोमा प्रोटेक्सनवाल तथा ग्राभेल(मंगलदिप टोल) | २००००० | २ |
| ४०. | पशुपति चौक उत्तर पराजुली घर पूर्व प्रोटेक्सनवाल तथा ग्राभेल | वडास्तरिय | २००००० | २ | तामाङ घेदुङ भवन जाने बाटो प्रोटेक्सनवाल तथा ग्राभेल | २००००० | २ |
| ४१. | बुढासुव्वा कभर्ड खेलमैदान जाने बाटो प्रोटेकसनवाल तथा ग्राभेल | वडास्तरिय | २००००० | २ | नयाँ मुक्तीनारायण चोकदेखि महेन्द्र मा.वि.सम्म ग्राभेल | २००००० | २ |
| ४२. | गुम्वा उत्तर दुर्गा भट्टराइको घर जाने बाटो इन्टरलक निर्माण | वडास्तरिय | ३००००० | ५ | गुम्वा उत्तर दुर्गा भट्टराइको घर जाने बाटोको पैनीमा कल्भर्ट निर्माण | ३००००० | ५ |
| ४३. | एकता टोल अन्तर्गत रोशन | वडास्तरिय | ५००००० | ४ | एकता टोल अन्तर्गत रोशन | ५००००० | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुब्बाको घर पूर्व र दक्षिण दुबैतर्फ बाटो ड्रेन | | | | सुब्बाको घर पूर्व र दक्षिण दुबैतर्फ बाटो मा ड्रेन तथा टायल | | |
| ४४. | कुबेर चोक पश्चिम पारुहाङ चोक छुने बाटोमा ड्रेन तथा टायल | वडास्तरिय | १५०००० | ४ | कुबेर चोक पश्चिम बाटो ढलाइ, स्ल्याब तथा ड्रेन निर्माण | १५०००० | ४ |
| ४५. | जेष्ठ नागरिक जाने बाटो अधुरो ड्रेन निर्माण | वडास्तरिय | ३००००० | ४ | जेष्ठ नागरिक जाने बाटो प्रोटेक्सन वाल | ३००००० | ४ |
| ४६. | रेडक्रस टोलको सैनिक मार्गको अधुरो ड्रेन पुर्वपट्टी | वडास्तरिय | ३००००० | ४ | रेडक्रस टोलको सैनिक मार्गको पुर्व अधुरो ड्रेन तथा टायल | ३००००० | ४ |
| ४७. | शिशिर टोल विकास संस्थाको लागी झ्याल ढोका व्यवस्थापन | वडास्तरिय | २००००० | ४ | शिशिर टोल विकास संस्थाको लागी झ्याल ढोका व्यवस्थापन, रेलिङ तथा रंगरोगन गर्ने कार्य | २००००० | ४ |
| ४८. | अमृत मार्ग लुंगेलीको घर सम्मजाने बाटोमा ड्रेन तथा टायल | वडास्तरिय | १५०००० | ४ | जागृति टोल अन्तर्गत आसपासको बाटाहरमा ड्रेन,प्रोटेक्सनवाल तथा टायल | ९००००० | ४ |
| ४९. | गैरी गांउ विरमणि राइको घर जाने बाटो प्रोटेक्सनवाल र टायल | वडास्तरिय | २५०००० | ४ | | | |
| ५०. | जागृति टोलको चन्द्र भुषण गौतमको घर जाने बाटो ड्रेन र टायल | वडास्तरिय | ५००००० | ४ | | | |
| ५१. | हर्दिया केदार कोइरालाको घर अगाडि उत्तर जाने सडकमा प्रोटेक्सनवाल तथा ग्राभेल | वडास्तरिय | २००००० | १६ | हर्दिया केदार कोइरालाको घर अगाडि उत्तर जाने सडकमा ड्रेन निर्माण | २००००० | १६ |
| ५२. | रन्जित चौधरीको घर देखि कुमार मृघाको घर सम्म जाने प्रोटेक्सनवाल | वडास्तरिय | २००००० | १७ | बुध राउतको घर अगाडि देखि मुना बस्नेतको घर सम्म ड्रेन तथा ग्राभेल | २००००० | १७ |
| ५३. | रमाको घरदेखि मुना बास्तोलाको घर सम्म जाने बाटोमा ड्रेन निर्माण | वडास्तरिय | १५०००० | १७ | युवा तथा खेलकुद | बजेट थप ५०००० | १७ |
| | | | | | सडकबत्ती मर्मत | १००००० | १७ |
| ५४. | पानी तथा बिजुली | वडास्तरिय | १२५००० | १७ | बिबिध खर्च | बजेट थप ५०००० | १७ |
| | | | | | पानी तथा बिजुली | ७५००० | १७ |
| ५५. | अभियान नेपाल टोलको बाटो ड्रेन तथा पार्केटिङ | वडास्तरिय | ३००००० | २० | अभियान नेपाल टोलको बाटो ड्रेन तथा ब्लक | ३००००० | २० |
| ५६. | इमोलाइन उत्तरको बाटो पार्केटिङ | वडास्तरिय | ७५०००० | २० | इमोलाइन उत्तरको बाटो इन्टरलक ब्लक | ७५०००० | २० |
| ५७. | कंचन टोल पार्केटिङ | वडास्तरिय | २००००० | २० | कंचन टोल इन्टरलक ब्लक | २००००० | २० |
| ५८. | खर्सला टोल कुवा जाने बाटो पार्केटिङ | वडास्तरिय | ३००००० | २० | खर्सला टोल कुवा जाने बाटो इन्टरलक ब्लक | ३००००० | २० |
| ५९. | तरहरा स्वास्थ्य केन्द्र अगाडिको दक्षिण तर्फ जाने बाटो पार्केटिङ | वडास्तरिय | २००००० | २० | तरहरा स्वास्थ्य केन्द्र अगाडिको दक्षिण तर्फ जाने बाटो इन्टरलक ब्लक | २००००० | २० |
| ६०. | बिहिवार बजार दक्षीण पार्केटिङ | वडास्तरिय | २००००० | २० | बिहिवारे बजार दक्षीण इन्टरलक ब्लक | २००००० | २० |
| ६१. | मदन आश्रित टोल पार्केटिङ | वडास्तरिय | ८००००० | २० | मदन आश्रित टोल इन्टरलक | ८००००० | २० |
| ६२. | शान्ती टोल पार्केटिङ | वडास्तरिय | १०००००० | २० | शान्ती टोल इन्टरलक ब्लक | १०००००० | २० |
| ६३. | सुन्दर टोल पुर्व पश्चिम जोड्ने बाटो | वडास्तरिय | २००००० | २० | सुन्दर टोल पुर्व पश्चिम जोड्ने | २००००० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पार्केटिङ | | | | बाटो इन्टरलक ब्लक | | |
| ६४. | क्षयरोग सम्बन्धि अतिरिक्त कियाकलाप | वडास्तरिय | ७५००० | १५ | एकम्बा स्वास्थ्य चौकी व्यवस्थापन | ७५००० | १५ |
| ६५. | प्रोटेक्सनवाल निर्माण मन्दिर टोल नरभषा | वडास्तरिय | २५०००० | १४ | टैंग्राटोल प्रोटेक्सनवाल निर्माण | २५०००० | १४ |
| ६६. | शहिद टोल नयाँ मार्ग र पैनी कोरीडोरमा प्रोटेक्सनवाल र ग्राभेल | वडास्तरिय | ४००००० | ८ | शहिद टोल नयाँ मार्ग प्रोटेक्सनवाल र ग्राभेल | २५०००० | ८ |
| | | | | | फूलवारी टोलको चन्द्र सुर्य मार्ग र वृहस्पति मार्गमा प्रोटेक्सनवाल र ग्राभेल | १५०००० | ८ |
| ६७. | कचना मा.वि. व्यवस्थापन | वडास्तरिय | १९५००० | ४ | कचना मा.वि. व्यवस्थापन | ४३५००० | ४ |
| ६८. | कार्यक्रम खर्च | वडास्तरिय | १००००० | ४ | कार्यलय व्यवस्थापन | ६००००० | ४ |
| ६९. | कार्यलय व्यवस्थापन | वडास्तरिय | ७००००० | ४ | विविध कार्यक्रम खर्च | ७००००० | ४ |
| ७०. | विविध कार्यक्रम खर्च | वडास्तरिय | ७४०००० | ४ | | | |
| ७१. | अपाङ्ग अस्पताल जाने बाटो प्रो वाल | वडास्तरिय | ९००००० | ७ | अपाङ्ग अस्पताल जाने बाटो ड्रेन निर्माण | ९००००० | ७ |
| ७२. | नारी दिवस | वडास्तरिय | २००००० | १ | नारी दिवस | ५०००० | १ |
| | | | | | तिज कार्यक्रम | १५०००० | १ |
| ७३. | मिक्स गिट्टी | वडास्तरिय | ४००००० | १ | मिक्स गिट्टी | २००००० | १ |
| | | | | | भैपरी आउँने खर्च | २००००० | १ |
| ७४. | बिजुलीको पोल, तार मर्मत सम्भार | वडास्तरिय | ५००००० | १ | बिजुलीको पोलबत्ती | ५००००० | १ |
| ७५. | आदर्श टोल मन्दिर | वडास्तरिय | ५५००००० | १ | आदर्श टोल मन्दिर निर्माण | ५००००० | १ |
| | | | | | माझी टोलदेखि वडा कार्यालय आउने बाटो ढलान | १०००००० | १ |
| | | | | | राष्टिय मा वि जाने बाटोमा कल्भर्ट निर्माण | ५००००० | १ |
| | | | | | कराईवनबाट कौशलको घर जाने बाटो ब्लक | ९००००० | १ |
| | | | | | कोशी टोल ड्रेन निर्माण | ८००००० | १ |
| | | | | | मित्र टोल सापकोटाको घर जाने बाटो ड्रेन निर्माण | ३००००० | १ |
| | | | | | खड्ग मार्गमा ड्रेन तथा ग्राभेल | ५००००० | १ |
| | | | | | सुकुमारी टोल ड्रेन निर्माण | ५००००० | १ |
| | | | | | पोखरी टोल ब्लक तथा ड्रेन निर्माण | ५००००० | १ |
| ७६. | पारुहाङ्ग संगित चोक हुँदै हाइवे जोडिने ड्रेन | नगरस्तरीय | १०००००० | ४ | पारुहाङ्ग संगित चोक हुँदै हाइवे जोडिने ड्रेन | १०००००० | ६ |
| ७७. | सरसफाई सेवा शुल्क (फिनेल, हरपिक, ब्रस सहित) | वडास्तरीय | ९०००० | ४ | बडाभित्र मच्छडको बिशादी छर्कने कार्य | ९०००० | ४ |
| ७८. | दलित तथा एकल महिला पिछडा बर्गका लागि सिप विकाश तालिम (मुढा बनाउने) | वडास्तरीय | २००००० | ९ | एसी र फ्रीज मर्मत तालिम | २००००० | ९ |
| ७९. | सरोज घिमिरेको घर जाने बाटो, दिपक रौनियारको घर जाने बाटो राधाकृष्ण मन्दिरको उत्तरको बाटो समृद्धसील आमा समुहको उत्तरको बाटोमा टायल लगाउने कार्य (४ | वडास्तरीय | ८००००० | ९ | सरोज घिमिरेको घर जाने बाटो, राधाकृष्ण मन्दिरको उत्तरको बाटो, समृद्धशिल आमा समूहको उत्तरको बाटोमा र अख्तीयार जाने बाटोके शाखा बाटोमा | ८००००० | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वटा बाटाहरु) | | | | टायल लगाउने कार्य (४ वटा बाटाहरु) | | |
| ८१. | बसपार्क जाने पहिलो बाटोमा कल्भर्ट निर्माण | वडास्तरीय | ३००००० | ९ | लालिगुराँस टोलमा जोगधन राईको घर दक्षिण बाटोमा प्रोटेक्सनवाल र टायल निर्माण | ५००००० | ९ |
| ८२. | लालिगुराँस टोलमा जोगधन राईको घर दक्षिण बाटोमा प्रोटेक्सनवाल र सामुदायिक भवन मर्मत सम्भार | वडास्तरीय | ३००००० | ९ | वडा सडक बत्ती मर्मत जडान | १००००० | ९ |
| ८३. | वडा ब्रान्डीङ सिपमुलक तालिम | वडास्तरीय | ६००००० | ९ | वडा ब्रान्डीङ सिपमुलक तालिम | ४००००० | ९ |
| | | | | | खेलकुद क्षेत्रलाइ सामाग्री वितरण | बजेट थप २००००० | ९ |

**निर्णय नं. १०**

यस इटहरी उपमहानगरपालिका क्षेत्रभित्र चालु आर्थिक बर्ष २०८०/०८१ मा देहाय वमोजिमको बहुबर्षिय योजना सञ्चालन गर्ने तथा अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**देहाय**

| सि.नं. | योजना | वडा नं. | लागत अनुमान | चालु आ.वको स्वीकृत रकम | आगामी आ.वको दायित्व | सम्झौताको रकम |
|---|---|---|---|---|---|---|
| १ | पुराणचौकदेखि धरानको पानवारी जोड्ने सडक | ३ | २३९७५६६०।०४ | २००००००००।०० | २१९७५६६०।०४ | |
| २ | वडा कार्यलय भवन निर्माण | ७, १३, १५ | ५७०९०४६८।८५ | १५००००००।०० | ४२०९०४६८।८५ | |
| ३ | सामुदायिक वनदेखि शिव चौकसम्म र राजमार्ग देखि तिनजुरे सम्म सडक कालोपत्रे | २,४ | ४९६०८०६५।३० | २५००००००।०० | २४६०८०६५।३० | |
| ४ | विसनपुर मार्ग र धनपुरी चौक हुदै राजमार्ग सम्म सडक कालोपत्रे | १७,२० | ३००१६४५३।२९ | २००००००००।०० | १००१६४५३।२९ | |
| ५ | थारु कल्याणकारी सभा भवन | ५ | ३६९२६४७९।६४ | १००००००००।०० | २६९२६४७९।६४ | |
| ६ | इटहरी सभा भवन | ५ | ३४५४८६७९२।२३ | १५००००००।०० | ३३०४८६७९२।२३ | |

**निर्णय नं. ११**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेका दरवन्दीहरु पदपुर्ती गर्नका लागि मिति २०८०।०५।१२ मा च.न. ०५ बाट प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगरमा माग आकृति फारम पठाईएकोमा संशोधन सहित उक्त माग आकृति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।०२।१८ को च.नं. ६७० को परिपत्र अनुसार स्थानीय तहका कर्मचारीको अध्ययन पूर्व स्वीकृती, स्वदेशी तथा वैदेशिक

अध्ययन/तालिममा मनोनयन, अध्ययन र असाधारणमा विदाको सम्बन्धमा कार्यपालिकाद्वारा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा स्थापनां भई सञ्चालनमा रहेको भौतिक पूर्वाधार प्रयोगशालाबाट उपलब्ध गराउने सेवा बापतको प्रयोगशाला सेवा (परीक्षण) शुल्क देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल:

| प्रयोगशाला सेवा (परीक्षण) शुल्क | | | | |
|---|---|---|---|---|
| क्र.सं. | परीक्षणको नाम | हालको शुल्क | कायम गर्नु पर्ने शुल्क | कैफियत |
| १ | Elongation Index (EI) , Aggregate | - | १५०० | शुल्क नभएको |
| २ | Aggregate Crushing Value (ACV) | - | १००० | शुल्क नभएको |
| ३ | Crushing Ratio(Aggregate ) | - | १००० | शुल्क नभएको |
| ४ | Loss on heating (Bitumen) | - | १५५० | शुल्क नभएको |
| ५ | Bitumen Spray Rate test (prime coat) | - | २५० | per 250 meter (शुल्क नभएको( |
| ६ | Bitumen Spray Rate test (Tack coat) | - | २५० | per 250 meter(शुल्क नभएको( |
| ७ | Marshall Stability mix Design Asphalt | 5000 | ३५००० | परीमार्जन गर्नु पर्ने |
| ८ | Soundness (Cement ) | - | १००० | शुल्क नभएको |
| ९ | ULTRASONIC PULSE VELOCITY (UPV) ,non-distructive test | - | ५००० | per site per day (शुल्क नभएको( |
| १० | Rebound Hammer , non-distructive test | - | ५००० | per site per day (शुल्क नभएको( |

**निर्णय नं. १४**

इटहरी उपमहानगरपालिका वडा नं. ७ बस्ने दिपक पौड्याललाई स्वास्थ्य उपचारको लागि रु. १ लाख आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।